BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

# RIGHT TO INFORMATION

As on Chaitra end 2082

3rd Quarter of FY 2082-83

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम आ.व.२०८२/८३ को तेश्रो त्रैमासिक विवरण

क **निकायको स्वरुप र प्रकृतिः** कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी सञ्चालित "ग" वर्गको वित्तीय संस्था ।

ख. **निकायको काम, कर्तव्य र अधिकार :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन २०६३ तथा नेपाल राष्ट्र बैंकवाट जारी निर्देशन लगायत संस्थाको आन्तरिक नीति, निर्णय बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

ग. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** हाल कार्यरत कर्मचारी संख्या १४३ रहेको छ र वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरुबाट भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद वेवसाइट www.bestfinance.com.np मा हेर्न सकिन्छ ।

घ. **निकायबाट प्रदान गर्ने गरिने सेवाः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ग" वर्गका वित्तीय संस्थाले दिनसक्ने बैंकिङ सेवाहरु ।

ङ. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** सेवा प्रदान गर्ने वित्तीय संस्थाको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस वित्तीय संस्थाको वेवसाइट www.bestfinance.com.np मा उपलब्ध गरिएको छ ।

च. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः** वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस वित्तीय संस्थाको वेवसाइट www.bestfinance.com.np मा प्रकाशित गरिएको छ ।

छ. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** बैकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीले निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

ज. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रीयस्तरमा प्रमुख संचालन अधिकृत गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था मिलाइएको छ । निजको सम्पर्क विवरण निम्नानुसार रहेको छ ।

**श्री शैलेन्द्र वादे श्रेष्ठ**

**सहायक महाप्रबन्धक**

**बेष्ट फाईनान्स कम्पनी लि.**

**प्रधान कार्यालय, कमलादी, काठमाडौं**

**फोन नं.०१–४५४२४६१**

ईमेल shailendra.shrestha@bestfinance.com.np

**झ.** **सम्पादन गरेको कामको विवरण:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ग" वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण कारोवारहरु सम्पादन भइरहेको छ ।

**ञ.** **सूचना अधिकारी प्रमुखको नाम र पद:**

ग्राहककहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीहरुलाई तोकिएको छ ।

**श्री राज सुन्दर श्रेष्ठ**

**प्रमुख सूचना अधिकारी**

**बेष्ट फाईनान्स कम्पनी लि.**

**प्रधान कार्यालय, कमलादी, काठमाडौं**

**फोन नं.०१–४५४२४६१**

ईमेल raj.shrestha@bestfinance.com.np

साथै यस वित्तीय संस्थाका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाइएको छ ।

**ट.** ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम तथा नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरु वित्तीय संस्थाले पालना गर्दै आएको छ । त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम तथा निर्देशनहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन्।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३

२ .नेपाल राष्ट्र बैंक ऐन, २०५८

३. कम्पनी ऐन, २०६३

४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४

६. सम्पति शुद्धिकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४

७. धितोपत्र सम्बन्धी ऐन, २०६३

८ सुरक्षित कारोबार ऐन, २०६३

९. देवानी संहिता, २०७४

१०. विनियम अधिकार पत्र ऐन, २०३४

११ विदेशी विनियम (नियमित) गर्ने ऐन, २०१९ आदि

१२.उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु

१३. नेपाल राष्ट्र बैंकले जारी गरेका सम्बन्धित निर्देशनहरु

**ठ.** **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक रुपमा अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गरिदै आएको छ भने त्यसका अतिरिक्त वित्तीय संस्थाको वेवसाइट www.bestfinance.com.np मा पनि रहेको छ ।

**ङ. वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना** :

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**श्री बालनरसिंह घर्ती**

**प्रमुख कार्यकारी अधिकृत**

बेष्ट फाईनान्स कम्पनी लि.

प्रधान कार्यालय, कमलादी, काठमाडौं

फोन नं.०१–४५४२४६१

ईमेल bn.gharti@bestfinance.com.np

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:**

यस वित्तीय संस्थाले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको र कुनै विशेष प्रकारको कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण :** www.bestfinance.com.np

**ग. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सो को विवरण :** वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित गरी वित्तीय संस्थाको वेभसाईटमा समेत प्रकाशन गरिएको छ । वित्तीय संस्थाले वित्तीय विवरणहरु त्रैमासिकरुपमा विभिन्न राष्ट्रिय पत्रिकामा प्रकाशित गरी वित्तीय संस्थाको वेभसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।